कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

ङ) साबिक गा.वि.स. बाट संचालित योजनाहरुको फरफारक तथा भुक्तानीलाई प्रचलित कानून तथा विधीको सिमाभित्र रही सिघ्रता प्रदान गर्न आवश्यक समन्वय गर्ने ।

## ६) विविध

क) नगर कार्यपालिकाको बैठकमा सहभागीहरुलाई बैठक भत्ता रु १५०० (एक हजार पाँच सय) उपलब्ध गराउने, जसमा नियामानुसार करकट्टी हुने ।

ख) नगरपालिका अन्तर्गतका वडाध्यक्षहरुले दिनको कम्तिमा १ (एक) पटक संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयको website खोली गरिएका परिपत्रको अध्ययन गर्नु पर्नेछ । सो को लागि प्रत्येक वडाध्यक्षलाई प्रति महिना रु ५०० (पाँच सय) संचार सुविधा उपलब्ध गराउने ।

ग) सल्लीबजार तथा देवस्थलमा सडक अधिकार क्षेत्रको रेखांकन गर्ने र अतिक्रमण गरी बनेका भौतिक संरचनाहरु हटाउन सम्बन्धित सडक डिभिजन कार्यालय लाई अनुरोध गरी तत्काल पत्र पठाउने ।

घ) यस बनगाड कुपिण्डे नगरपालिकाको भवन निर्माणका लागि आवश्यक जग्गा निशुल्क रुपमा प्रदान गर्न चाहने एकल व्यक्ति वा महानुभावहरुका लागि पूर्वमा आमखोला, पश्चिममा भेरी नदी किनारबाट २५० मिटर भित्र, दक्षिणमा अम्रा र उत्तरमा जरायगौरा खोला भित्र जग्गा प्राप्ति गर्न सार्वजनिक सूचना आव्हान गर्ने ।